# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३ ) काठमाडौं, कात्तिक २५ गते २०६० साल ( अतिरिक्ताङ्क ४६


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय सूचना तथा सञ्चार, स्थानीय विकास र स्वास्थ्य मन्त्री श्री कमल थापा भारतको नयाँ दिल्लीमा आयोजना हुने दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सदस्य राष्ट्रका सूचना मन्त्रीहरूको तेस्रो बैठकमा भाग लिन २०६० साल कात्तिक २४ गते त्यसतर्फ जानुभएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको सूचना तथा सञ्चार, स्थानीय विकास र स्वास्थ्य मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय अर्थ, कृषि तथा सहकारी र श्रम तथा यातायात व्यवस्था मन्त्री डा. श्री प्रकाशचन्द्र लोहनीले सम्हाल्नुहुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

माननीय जनसंख्या तथा वातावरण, भौतिक योजना तथा निर्माण र सामान्य प्रशासन मन्त्री श्री बुद्धिमान तामाङ केन्याको नैरोवीमा आयोजना हुने मोन्ट्रियल प्रोटोकलसम्बन्धी पक्ष राष्ट्रहरूको पन्ध्रौं बैठकमा भाग लिन २०६० साल कात्तिक २५ गते त्यसतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको जनसंख्या तथा वातावरण, भौतिक योजना तथा निर्माण र सामान्य प्रशासन मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति, कानून, न्याय तथा संसदीय व्यवस्था र शिक्षा तथा खेलकुद मन्त्री श्री हरिबहादुर बस्नेतले सम्हाल्नुहुनेछ ।

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।